गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

शर्तहरु

१. दस्तुर वापतको रु १०००।- (एक हजार मात्र पछि फिर्ता नहुने) यस कार्यालयको राजश्व उपशाखामा नगद बुझाएको रसिद पेश गरी वा यस नगरपालिकाको कृषि बिकास बैंक लि. गल्याङ शाखामा रहेको आन्तरिक राजश्व खाता नं.०३१७२०१३१४९३७०७५ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी यस नगरपालिकाको राजश्व उपशाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. दोस्रो पटक सूचना प्रकाशित मितिबाट ७ औं दिन (२०८०।०६।१२) को कार्यालय समयभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गरि १६औं दिन (२०८०।०६।१३) को १२.०० बजेभित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दर्ता गराइसक्नुपर्नेछ र सो समयभित्र रितपुर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनको अपरान्ह २.०० बजे दरभाउपत्रदाताका प्रतिनिधिहरुको (प्रतिनिधि उपस्थित नभएको अवस्थामा पनि) रोहवरमा यस कार्यालयमा खोलिनेछ।

३. दरभाउपत्रदाताले आफुले कबोल गरेको दरभाउ रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।अंक अस्पष्ट भएको अवस्थामा अक्षरलाई मान्यता दिइनेछ।

४. दरभाउपत्रदाताले आफुले कबोल गरेको अंकको २.५ प्रतिशतले हुन आउने रकम यस कार्यालयले कृषि बिकास बैंक लि.गल्याङ शाखामा रहेको धरौटी खाता नं.०३१७२०१३१४९३७२३७ मा जम्मा गरेको सक्कल बैंक भौचर समेत दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।

५. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अघि स्वीकृत दरभाउपत्र बमोजिम कबोल गरेको अंकको ५० प्रतिशत रकम यस नगरपालिकाको कृषि बिकास बैंक लि. गल्याङ शाखामा रहेको स्थानीय विभाज्य कोषा खाता नं.०३१७२०१३१४९३७२५३ मा जम्मा गरेको सक्कल बैंक भौचर रकम दाखिला गरी वा बाँकी रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको २०८१ श्रावणा मसान्तसम्म मान्य रहने बैंक जमानत पेश गर्नुपर्नेछ।

६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा उल्लेखित कार्यहरु हुनेछन्।

७. दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार यसै कार्यालयमा सुरक्षित रहनेछ।

८. बिज्ञापन कर असुली सम्बन्धि गरिएको सम्झौता बमोजिम यस कार्यालयलाई बुझाउनुपर्ने रकमको अतिरिक्त अन्य थप कुनै कर दस्तुर बुझाउनु पर्नेमा सोको दायित्व स्वीकृत दरभाउपत्रवालाकै हुनेछ।

९. बिज्ञापन कर गल्याङ नगरपालिकाबाट स्वीकृत दररेट बमोजिम संकलन गर्नुपर्नेछ।

१०. सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत